## सूचना

इन्द्रजात्राबारे परापूर्वदेखि चलिआएका धर्मसम्बन्धी जात्राहरू जति साबिकैबमोजिम गर्ने र विजय परेडको हकमा साम्प्रदायिक भावना जतिसक्यो उति उठाउनु पर्ने श्रेय हुनाले सो अबदेखिलाई बन्द गर्ने निर्णय मन्त्रिमण्डलबाट पास भएको हुनाले यस सम्बन्धमा तल लेखिएबमोजिम आदेश गर्ने ठहरिई यो सूचना जारी भएको छ ।

( क ) इन्द्रजात्राको दिन सिबिल र मिलिटरी अफिसर कर्मचारीहरू सबैलाई बिदा दिने ।

( ख ) श्रीकुमारीको रथ गद्दीदरबारअगाडि पुगेपछि सिंहासनारोहको उत्सव केही नगर्ने ।

( ग ) इन्द्रजात्राभर हनुमान्‌ढोकामा राती निजामती कर्मचारीहरू हाजिर गराउने चलनमा अब उप्रान्त नगर्ने ।

( घ ) हनुमान्‌ढोकामा लिंगो खडा गर्दा जंगी अफिसर सामिल गराउनु नपर्ने ।

आज्ञाले
गृहसेक्रेटरी

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।